बैठक संख्याः- २४

आज मिति २०७९ साल माघ २७ गते शुक्रबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा बसि निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निणर्यहरु गरियो ।

उपस्थिती

| सि.नं | पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २ | नगर उप-प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३ | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४ | २ नं. वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५ | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६ | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७ | ५ नं. वडा अध्यक्ष | श्री रोहित प्रसाई | |
| ८ | ६ नं. वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९ | ७ नं. वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १० | ८ नं. वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११ | ९ नं. वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२ | १० नं. वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ्ग | |
| १३ | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४ | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५ | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६ | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७ | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८ | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९ | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१ | सदस्य सचिव | श्री विनोद कुमार न्यौपाने | |

CamScanner

पवित्रा देवी महारा प्रसाई
नगर प्रमुख

**निर्णय नं १-** यस भन्दा अघि भएको कार्यापालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं. २-** आगामी आ.ब. ०८०/०८१ को लागि तराई मधेश समृद्धि कार्यक्रममा यस नगरपालिकामा बसोबास गर्ने अति विपन्न लक्षित समुदायको लागि घर निर्माण गर्न लागत स्टमेट अनुसार आवश्यक रकम रु २ करोड ८५ लाख मध्ये नगरपालिको तर्फबाट ३० प्रतिशत रकम रु.८५,५०,०००।- (अक्षेरेपी पचासी लाख पचास हजार) साझेदारी रहने र तराई मधेश समृद्धि कार्यक्रम मा रु. १,९९,५०,०००।- (अक्षेरेपी एक करोड उन्नसय लाख पचास हजार) बिपन्न आवास कार्यक्रम लागि प्रस्ताव पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३-** चालु आ.ब. ०७९/०८० मा तराई मधेश समृद्धि कार्यक्रम तथा न.पा मार्फत् बिनियोजन भएको रकमबाट विपन्न आवास कार्यक्रम अन्तर्गत घर निर्माण गर्नका लागि १० वटै वडाबाट स्थलगत अनुगमन, तथ्याङ्क संकलन गरि विपन्न परिवारहरुको तथ्याङ्क १५ दिन भित्र नगरपालिकाको कार्यालयमा पठाउन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४-** आगामी दोस्रो नगरसभाको दोस्रो अधिवेशन मिति २०७९।११।१५ गते सोमबार बिहान ८ बजे नगरपालिकाको सभाहलमा बस्ने निर्णय गरियो ।

**निर्णय नं ५.-** बिर्तामोड न.पा. वडा नं ५ स्थित देबीहाट बुधबारे बहउद्देश्यीय व्यवसायिक भवन निर्माण सम्बन्धी अवधारण पत्र स्वीकृत गर्ने निर्णय गरियो र साथै उक्त स्थानमा व्यापार व्यवसाय गर्ने व्यवसायीहरुलाई ठाउँ खाली गर्न ३५ दिने सूचना जारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो । साथै उपरोक्त स्थानमा लागत साझेदारिमा स्टल निर्माण गरि बसेका व्यापारीहरुलाई निजहरुले लगानी गरेको रकम भाडाबाट कटाई पाउन बाँकी रहे निजहरुलाई उपलब्ध गराउने । तथा भवन निर्माण सम्पन्न भएपछि तत्कालिन मापदण्ड अनुसार हाल उक्त स्थानमा व्यवसाय गरि आईरहेका व्यवसायीहरुलाई पहिलो प्राथमिकतामा राखी सटरहरु उपलब्ध गराउने र बाँकी सटरहरु अन्यलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ६.-** बिर्तामोड नगरपालिकाको जग्गा वर्गीकरण तथा विकास योजना सम्बन्धी कार्यविधि, २०७९ लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७.-** बिर्तामोड नगरपालिकाको बिर्तामोड खेलकुद विकास निर्देशिका २०७५ मा भएको व्यवस्थामा देहायको संशोधन थप गर्ने निर्णय गरियो । ऐ.निर्देशिका बमोजिम तपशिलका पदाधिकारी रहने गरि १५ सदस्यीय नगर खेलकुद समिति गठन गरियो ।

पवित्रा देवी महारा प्रसाई
नगर प्रमुख

विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

पवित्रा देवी [illegible] प्रसाई
नगर प्रमुख

छानबिन गर्न गठित समितिले मिति २०७९।१०।१७ बुझाएको प्रतिवेदन समेतका आधारमा निजहरुलाई फोहोर व्यवस्थापनका लागि कुनैपनि बहानामा अतिरिक्त शुल्क वा रकम नलिने गरि कार्य गर्न सचेत गराउने तथा जनप्रतिनिधि माथि भएको अनुशासनहिन व्यहारलाई एक पटकका लागि माफी दिई निलम्बित द्धय नगर प्रहरी कमाण्डर र नगर प्रहरी जवानलाई जिम्मेवारीमा फर्काउने तथा नगर प्रहरीहरुलाई मर्यादित एवं अनुशासित भई कार्य गर्न निर्देशन दिने । यस प्रकारका अनुशासनहिन गतिवधिहरु नगर प्रहरीहरुबाट दोहोरिएमा सेवाबाट समेत बर्खास्त हुने गरिको कारबाही गर्ने निर्णय गरियो ।

घ) सघन शहरी तथा भवन निर्माण आयोजना झापाको एकीकृत वस्ती विकास कार्यक्रममा स्वीकृत झापा जिल्ला बि.न.पा वडा नं १, २, ३, ४ र ५ शहिद स्मृति प्रतिष्ठान जाने सडक स्तरोन्नति गर्ने सडक बि.न.पा. २ गोकुल जोशी मार्गबाट शहिद स्मृति प्रतिष्ठान भवन जाने सडक एकै सडक भएकाले उक्त सडक निर्माणको लागि सघन शहरी तथा भवन निर्माण आयोजनामा सिफारिस गरि पठाउने निर्णय गरियो ।

पवित्रा देवी [illegible] प्रसाई
नगर प्रमुख

विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner